**एनआरएनए अध्यक्ष र परराष्ट्र्मन्त्री वीच भेट, महाबाणिज्य दूतावास स्थापना र गैरआवासीय नेपाली नागरिकतबारे छलफल**

**काठमाण्डौ ।** गैरआवासीय नेपाली संघका अध्यक्ष शेष घलेले माननीय परराष्ट्र मन्त्री डा. प्रकाशशरण महतसंग भेट गरी ठूलो संख्यामा नेपालीहरु बसोवास गर्ने मूलूकहरुमा प्राथमिकता अनुसार कन्सुलर वा महावाणिज्य दूतावासको स्थापना गर्न ध्यानाकर्षण गराउनु भएको छ ।

जनवरी १० तारिखमा भएको भेटमा अध्यक्ष घलेले मौजुदा दूतावासहरुमा प्रयाप्त कर्मचारी नहुँदा नेपाली सेवाग्राहीहरुले समयमै सेवा पाउन नसकेको जानकारी गराउँदै कर्मचारी दरबन्दी थप्न पनि ध्यानाकर्षण गराउनु भयो ।



सोहि अवसरमा गैरआवासीय नेपाली संघले गोरखा जिल्लाको गुप्सीपाखामा लाप्राक नमूना वस्ती परियोजना अन्तर्गत करिव ५७३ वटा भवनहरु निर्माण गर्ने कार्यको थालनी गरिसकेको जानकारी गराउँदै सो क्षेत्रमा आवाश्यक पूर्वाधार बिकासको लागि नेपाल सरकारसंग पहल गरिदिन हुनको लागि अनुरोध गर्नुभयो ।

नेपालको संविधान २०७२ मा सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकार सहितको गैरआवासीय नेपाली नागरिकताको व्यवस्था भए पनि नागरिकता प्रदान गर्नका लागि ऐन र नियमावली नबनेको भन्दै उहाँले त्यसका पहल गरिदिन पनि आग्रह गर्नुभयो । साथै उहाँले सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकारको व्याख्या अन्य नेपाली नागरिकहरु सरह हुनुपर्ने समेत औंलाउनु भयो ।

अफ्रिकी मुलुकहरुमा नेपालीको बढ्दै गएको उपस्थितिलाई ध्यानमा राख्दै सरकारले आफ्नो उपस्थिति यस महादेशमा बढाउन पर्ने सुझाव दिंदै रोजगारीका लागि अफ्रिका जाने नेपालीहरुका लागि श्रम

स्वीकृति, राहदानी नवीकरण तथा अन्य काजगातको सिफारिसका सम्बन्धमा सरकारी प्रक्रिया झन्झटिलो र कठिन रहेकाले त्यसलाई सहज एवम् सुलभ बनाउन अनुरोध गर्नु भयो ।

म्यानमार र थाईल्याण्डमा बसोबास गर्ने दुई तीन पुस्ता अगाडी गएका अधिकांश नेपालीहरुका सन्नततिका नागरिकता नभएको कारणले नेपाली पहिचान गुमेको तथा उनीहरुले त्यसका कारण गैरआवासीय नेपाली परिचपत्र समेत नपाएकाले उचित व्यवस्था गरिदिन हुन मन्त्रीज्यूको ध्यानाकर्षण गराउनु भयो ।

हालै लेवनानबाट फर्काइएका गैरआवासीय नेपाली संघका बैदेशिक रोजगार तथा आप्रवारी कामदार कल्याण समितिका सदस्यको सुझावहरु प्रति मन्त्रीज्यूलाई जानकारी गराउँदै गैरआवासीय नेपाली संघको शंसोधित विधान २०१५ प्रमाणिकरणको लागि परराष्ट्र मन्त्रालयमा बुझाईएकोमा सो विधानको प्रमाणिकरण यथासिघ्र गरिदिन पनि पहल गर्न अनुरोध गर्नु भयो ।

प्रति उत्तरमा माननीय मन्त्रीज्यूले गैरआवासीय नेपालीहरुको समस्या र मागप्रति आफू जानकार रहेको र मन्त्रालय तथा आफ्नो व्यक्तिगत तर्फबाट पनि यसलाई संबोधन गर्न प्रयासरत रहने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

**पुनःनिर्माणबारे सहरी बिकास मन्त्रीसंग छलफल**

गैरआवासीय नेपाली संघका अध्यक्ष शेष घले र सहरी विकाश मन्त्री अर्जुननरसिंह केसी वीच लाप्राक नमुनावस्ती निर्माणका बिषयमा छलफल भएको छ ।

सो अवसरमा अध्यक्ष घलेले वैशाख १२, २०७३ का दिन सम्माननीय राष्ट्रपतिज्यूको समुपस्थितिमा नेपाल सरकार सहरी विकास मन्त्रालय, राष्ट्रिय पुननिर्माण प्राधिकरण र गैरआवासीय नेपाली संघवीच भएको त्रिपक्षिय सम्झौता अनुसार गैरआवासीय नेपाली संघले गोरखा जिल्लाको गुप्सीपाखामा लाप्राक नमूना वस्ती परियोजना अन्तर्गत करिव ५७३ वटा भवनहरु निर्माण गर्ने कार्यको थालनी गरिसकेको सहरी विकास मन्त्री माननीय अर्जुननससिंह केसीलाई जानकारी गराउँदै यस कार्यलाई समयमै सम्पन्न गर्न मन्त्रालयलाई सहजकर्ताको भूमिका समेत निर्वाह गरिदिन अनुरोध गर्नु भयो ।

जवाफमा मन्त्री केसीले मन्त्रालयको तर्फबाट सक्दो सहयोग गरिने आश्वासन व्यक्त गर्दै नमूना बस्ती निर्माणमा सहभागी भएकोमा सम्पूर्ण गैरआवासीय नेपालीहरु तथा यस कार्यमा आबद्ध अन्य संघसंस्थाहरु प्रति अभार प्रकट गर्नु भयो ।



## राष्ट्रिय योजना आयोगको उपाध्यक्षसंग छलफल

गैरआवासीय नेपाली संघका अध्यक्ष शेष घलेले राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मिनबहादुर श्रेष्ठसंग भेट गरी संघले निर्माण गर्न लागेको नमूना बस्तीको प्रगतिबारे अवगत गराउँदै बाटोको निर्माण तथा स्तरउन्नति नै पुनर्निर्माणको प्रमुख चुनौति भएको धारणा व्यक्त गर्न ुभयो । उहाँले स्थानियवासीहरु राजनीतिक तथा धार्मिक आस्थाको आधारमा विभाजित देखिएकाले बस्ती बिकासमा समेत यसको प्रभाव देखिएको औंल्याउनु भयो ।




लाप्राक दुर्गम् क्षेत्रमा परेकोले त्यस स्थानमा नयाँ बस्ती निर्माण गर्ने कार्य अत्यन्तै चुनौतीपूर्ण रहेको र ढुवानीका कारण लागत कैयन गुणा बढी हुने भएकोले सरकारले तोकेको लागतमा घर निर्माण कार्य सम्पन्न हुन नसक्ने उहाँले जानकारी दिनु भयो । सोही कारण राष्ट्रिय पुनर्निर्माण प्राधिकारणको निर्देशक समितिको बैठकबाट संघलाई यस नमूना बस्ती निर्माण गर्ने कार्यमा राष्ट्रिय पुनर्निर्माण प्राधिकारणको निर्देशिकामा व्यवस्था गरिएको कार्यविधि लागू नहुने गरी सम्पूर्ण घरको निर्माणको जिम्मा संघलाई दिएको अवगत गराउनु भयो ।

अध्यक्ष घलेले हाल संघले नमूना बस्तीको गुरुयोजना तयार पारिसकेको र निर्माण गरिने घरहरुको नक्सा समेत तयार पारी अनुमानित लागत समेत तयार पारेको जानकारी दिनु भयो । उहाँले उक्त घरहरु लाभग्राहि तथा स्वयंम सेवकहरुको श्रमदानबाट निर्माण गरिने तथा श्रम वाहेक घर निर्माणमा काठको खर्च अत्याधिक हुनुका साथै प्रयाप्त मात्रमा उपलब्ध हुन समेत कठिनाई हुनेमा उपाध्यक्षको ध्यानाकर्षण गराउँदै योजना आयोगको सहयोगको संघले आपेक्षा राखेको बताउनु भयो ।

योजना आयोगका उपाध्यक्षले अध्यक्ष घलेलाई संघको कार्यहरुमा उहाँको सक्रियता र सहभागीबाट आफू निकै प्रभावित भएको र लाप्राकमा नमूना बस्ती निर्माणको कार्य योजना आयोगले नजिकबाट नियालीरहेको बताउनु भयो । योजना आयोगले निर्माण गर्न लागेको **Smart Village** को अवधारणासंग यसलाई अघि बढाउन सकिने उपाध्यक्ष श्रेष्ठको धारणा थियो ।

संघको नमूना बस्ती निर्माण कार्यमा स्थानिय श्रम र स्रोतहरुको परिचालन गर्ने योजना अनुसार आवश्यक उपकरणहरु समेत आयात गर्ने कार्यको प्रसंशा गर्दै लाभग्राहिहरुलाई सामाजिक परिचालनको महत्व तथा त्यस समबन्धी तालिम दिन योजना आयोग तयार रहेको समेत बताउनु भयो ।

यस भेटमा योजना आयोगका उपाध्यक्षले पुनर्निर्माणको लागि आवश्यक निर्माण समाग्रीहरुको व्यवस्थापनमा सरकार कटिवद्ध रहेको र संघलाई आवश्यक पर्ने काठको व्यवस्थाको लागि पहल गरिदिन सकिने वताउनु भयो । उहाँले बैदेशिक रोजगारीबाट पर्केकाहरुको व्यवस्थापनमा समेत संघको सहयोगको अपेक्षा रहेको वताउनु भयो ।

**माननीय उद्योग मन्त्रीसंग भेट**

संघका अध्यक्ष र माननीय उद्योग मन्त्री नवीनन्द्र राज जोशी बीच नेपालमा बिदेशी लगानी भित्राउने बिषयमा छलफल भयो । मन्त्री जोशीले उद्योग मन्त्रालय र नेपाल लगानी बोर्ड्ले मार्च २ देखि ३ तारिक, २०१७ मा आयोजना गर्न लागेको **"Harnessing Investment Potentials of Nepal"** नामक सेमिनारमा अध्यक्षलाई आमन्त्रण गर्दै यस सेमिनामा एक कार्यपत्र समेत प्रस्तुत गरिदिन अनुरोध गर्नु भयो ।

अध्यक्ष घलेले संशोधनका लागिका तयार पाँरिदै गरेका लगानी सम्बन्धी ऐन तथा नियमावलीहरु वैदेशिक लगानी मैत्री तथा कम झन्झटिला र एकै द्वारबाट आवश्यक सबै सेवाहरु उपलब्ध हुने खालको हुन पर्ने सुझाव दिनु भयो । यस बिषयमा सम्बन्धित मन्त्रालयहरु बिच समन्वय गर्न सक्ने बैदेशिक लागि डेक्सको व्यवस्था गरी लगानी सम्बन्धी कार्यहरु यसै डेक्सले गर्ने व्यवस्था हुन सकेमा लगानीकर्ताहरुलाई धेरै सहज हुने औ.लाउनु भयो ।

नेपालमा लगानी आकर्षण गर्न सेमिनारको आयोजना गर्न लागिएकोमा खुशी व्यक्त गर्दै त्यसमा आफूलाई निमन्त्रणा दिनु भएकोमा धन्यवाद व्यक्त गर्नु भयो ।

**माननीय श्रम तथा रोजगार मन्त्रीसंग भेट**

११ जनवरी, २०१७ का दिन संघका अध्यक्ष तथा श्रम तथा रोजगार मन्त्री बिच छलफल भयो । अध्यक्ष घलेले वैदेशिक रोजगारका लागि खाँडी मुलुक तथा मलेसिया गई मृत्यु हुने, अंगभंग हुने तथा अलपत्र पर्ने नेपाली श्रमिक दाजुभाई तथा दिदिबहीनिहरुको पिडामा मल्हम लगाउन गैरआवासीय नेपाली संघले राहत कोषको स्थापना गरेको जानकारी गराउँदै सो कोषमा ३ करोड रुपैंयाको प्रतिबद्धता प्राप्त भएको तथा कोषमा रकम थप्न सहयोगी संघ संस्थाहरुसंग सहकार्य गर्न सकिने जानकारी दिंदै नेपाल सरकारको तर्फबाट पनि Matching Fund को व्यवस्थाको लागि पहल गरिदिन अनुरोध गर्नु भयो । उहाँले यसबारे समय समयमा वैदेशिक रोजगार प्रबर्द्धन बोर्ड संग समन्वय तथा सहकार्य भईरहेको पनि जानकारी गराउनु भयो ।

भेटका अवसरमा विदेशमा एक हजार भन्दा बढी महिला कामदारहरु बसोबास गरेको मुलुकहरुमा नेपाल सरकारबाट एक महिला श्रम सहचारी तथा एक अस्थायी आवास गृहको व्यवस्थाको लागि पहल गरिदिन समेत उहाँले अनुरोध गर्नु भयो ।



सो अवसरमा माननीय श्रम तथा रोजगार मन्त्रीले यस बिषयमा बैदेशिक रोजगार प्रवर्द्धन बोर्डसंग छलफल गर्ने जानकारी दिंदै यसप्रति आफू सकारात्मक रहेको वताउनु भयो ।

**उपप्रधानमन्त्री तथा गृह मन्त्रीसंग भेट**

गैरआवासीय नेपाली संघका अध्यक्ष शेष घलेले नेपाल सरकारका उपप्राधानमन्त्री एवं गृहमन्त्री माननीय बिमलेन्द्र निधिसंग भेट गरी लाप्राक पुनःनिर्माणमा समन्वय गर्नेबारे छलफल गर्नु भएको छ ।

सहरी विकास मन्त्रालय, राष्ट्रिय पुननिर्माण प्राधिकरण र गैरआवासीय नेपाली संघ वीच भएको त्रिपक्षिय सम्झौता अनुसार गैरआवासीय नेपाली संघले गोरखा जिल्लाको गुप्सीपाखामा लाप्राक नमूना वस्ती परियोजना अन्तर्गत करिव ५७३ वटा भवनहरु निर्माणको लागि सम्माननीय प्रधानमन्त्रीज्यूले गत् अक्टोवर ७ का दिन शिलान्यास गर्नु भएको र यस पश्चात निर्माण कार्यको थालनी भईसकेको अध्यक्ष घलेले जानकारी गराउनु भयो ।

वस्ती निर्माण कार्यमा सहयोग गर्नको लागि विदेशबाट निकै मात्रामा स्वंयम सेवकहरु परिचालन हुने हुँदा सुरक्षाकोलागि त्यस स्थानमा एक सुरक्षा पोष्टको व्यवस्था गरिदिनहुनका लागि अनुरोध गर्नु भयो ।

अध्यक्ष घलेले नेपालको संविधान २०७२ मा सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकार सहितको गैरआवासीय नेपाली नागरिकताको व्यवस्था भएको र सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकारको व्याख्या सबै नेपाली नागरिकहरु सरह हुनुपर्ने व्यवस्था निर्माण गरिने कानुनमा नै उल्लेख हुर्न पर्ने सुझाव समेत राख्नु भयो ।



उपप्रधान मन्त्री तथा गृह मन्त्रीले लाप्राकमा सुरक्षा चौकी राख्न निर्देशन दिने जानकारी गराउँदै गैरआवासीय नेपालीहरुको नागरिकताको व्यवस्था संविधानमै उल्लेख भएकोले त्यसको मर्म अनुरुप कानून बनाउने काम भइरहेको जानकारी दिनु भयो । यो प्रकृया बिभिन्न चरणहरुबाट पारहुँदै संसदमा पेश हुने जानकारी दिंदै कानून निर्माणमा गैरआवासीय नेपालीहरुको सुझाव र अवधारणा समेत लिने जानकारी गराउनु भयो ।

**कानुन मन्त्रीसंग नागरिकता सम्बन्धी कानुन बारे छलफल**

गैरआवासीय नेपाली संघका अध्यक्षले माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजय शंकर नायकसंग भेट गरी गैरआवासीय नेपाली नागरिकतासम्बन्धी कानुन बारे छलफल गर्नु भयो । नेपालको संविधान २०७२ मा सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकार सहितको गैरआवासीय नेपाली नागरिकताको व्यवस्था भएको र यसका लागि निर्माण गरिने आवश्यक नियमावलीको लागि पहल गरिदिन उहाँले मन्त्री नायकसंग आग्रह गर्नु भयो ।  साथै सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकारको व्याख्या सबै नेपाली नागरिकहरु सरह हुनुपर्ने समेत जोड दिनु भयो ।

मन्त्री नायकले संविधानमा गैरआवासीय नेपाली नागरिकताको व्यवस्था हुनु गैरआवासीय नेपालीहरुले आफ्नो मातृभूमिप्रति देखाएको माया ममता र पुऱ्याएको योगदानकै कारण भएको बताउनु भयो । उहाँले संघकै अध्यक्षले यस बिषयमा चोसो राखेर यसको प्रगति सम्बन्धमा जिज्ञाशा राखेको देख्दा एकदमै खुशी लागेको र यसरी नै निरन्तर पहल गर्दै नेपाल सरकारलाई घचघचाई राखेमा छिट्टै नै कानून तयार हुने वताउनु भयो ।



उहाँले कानून मन्त्रालयले अहिले धेरै प्रादेशिक तथा संघीय कानून बनाउन पर्ने भएकोले मन्त्रालयमा अत्यधिक चाप रहेको र मन्त्रालयको ध्यान पनि निर्वाचन सम्बन्धी कानूनमा बढी केन्द्रीत भएकोले नागरिकता सम्बन्धी कानून बनाउन केहि ढिलाई भई रहेको वताउनु भयो । मन्त्री नायकले छिट्टै नागरिकता सम्बन्धी कानून बनाउने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

**खुला बिश्वबिद्यालय बारे शिक्षा मन्त्रीसंग छलफल**

शिक्षा मन्त्री धनीराम पौडेल र संघका अध्यक्ष शेष घलेवीच खुला विश्वविद्यालय सञ्चालन सम्बन्धी छलफल भयो । सो अवसरमा शिक्षा मन्त्रीले ऐनको हिसावले विश्वविद्यालय संचालन गरिने र यसको आर्थिक, प्रशासनिक, प्राज्ञिक तथा भौतिक संरचनाको बिकासको लागि पहल भई रहेको जानकारी गराउनु भयो । उहाँले खुला विश्वविद्यालयका पदाधिकारी चयनका लागि छलफल चलिरहेको जानकारी दिनु भयो । विश्वविद्यालयको अवधारणालाई यहाँसम्म ल्याइपुराउन संघले खेलेको भूमिका र त्यसमा पनि संघका खुला विश्वविद्यालय कार्यदलका संयोजक डा. प्रमोद ढकालको प्रशंसा गर्नु भयो ।

मन्त्री पौडेलले सरकारका अन्य सरोकारका निकायहरु शिक्षा मन्त्रालयको गतिमा अगाडी बढ्न नसेकाले यसको संचालनमा ढिलाई भईरहेको जानकारी दिंदै यसको संरचना विवादरहित वा कम विवादित वनाउन सबैको सहभागीतामा सानो र चूस्त वनाउने आफ्नो योजना रहेको वताउनु भयो । उहाँले यसको संचालनमा संघको कस्तो भूमिका र रणनीति रहने भन्नेमा जिज्ञाशा प्रकट गर्दै बैदेशिक सहयोगको लागि गैरआवासीय नेपालीहरुको सञ्जालको उपयोग हुनेमा मन्त्रालयले आशाबादी रहेको बताउनुभयो ।

संघका अध्यक्ष घलेले खुला विश्वविद्यालयको रणनीति बहुआयामीक हुनुपर्ने र गैरआवासीय नेपालीहरुले अन्तर्राष्ट्रिय सहयोग ल्याउन अहम भूमिका खेल्न सक्ने औलाउनु भयो । उहाँले यसका बारेमा गैरआवासीय नेपालीहरुसंग परामर्श गरिने र संघलाई एउटा स्रोत केन्द्र रुपमा बिकास गर्न सकिने सुझाव दिनु भयो ।



अध्यक्ष घलेले विश्वविद्यालयको व्यवस्थापनमा संघको सहभागीता भएमा अझ प्रभावकारी हुने जनकारी दिंदै विश्वभर फैलिएर रहेका नेपाली प्राज्ञिक ब्यक्तित्वहरुको सहभागीता सूनिश्चित गराउन सकिएमा विश्वविद्यालयको प्रभावकारिता अझ प्रगाढ हुने बिचार व्यक्त गर्नु भयो ।

**गैरआवासीय नेपाली संघका अध्यक्षद्वारा इजरायली राजदूतसंग भेट**

१२ जनवरी, २०१७ का दिन संघका अध्यक्ष घलेले नेपालका लागि इजरायली राजदूत महामहिम यानर मेयर संग भेट गरी International Seminar on the Relation between Global Diaspora and their Home Country शिर्षक सेमिनारमा अमन्त्रण गर्नु भएकोमा धन्यवाद दिंदै यसमा समयले साथ दिएमा सहभागी हुने वताउनु भयो । उहाँले Diaspora Community ले इजरायली Diaspora बाट धेरै सिक्न सक्ने तथा इजरायलबाट फर्केका धेरै नेपालीहरुले त्यहाँ सिकेको कृषि सम्बन्धी ज्ञानको प्रयोगले नेपालमा उदाहरणीय कार्यहरु गरिरहेको अवगत गराउनु भयो ।

अध्यक्ष घलेले संघले गोरखा जिल्लाको लाप्राक गबिसमा निर्माण गर्न लागेको नमूना बस्तीको परियोजनाका उदेश्य र त्यसका अवसर र चुनौतीहरुबारे महामहिमलाई जानकारी गराउँदै इजरायलको तर्फबाट यस कार्यमा केकस्ता सहयोगहरु हुन सक्छ भनि जिज्ञाशा राख्नु भयो ।

महामहिम राजदूतले इजरायलमा मार्चमा हुन गहिरहेको यस सेमिनार Diaspora Community को लागि अत्यन्तै लाभदायी हुने आफ्नो बिश्वास रहेकोले संघको प्रतिनिधित्व महत्वपूर्ण हुने वताउनु भयो । उहाँले इजरायल कृषि प्रविधिमा अग्रसर रहेकोले लाप्राक नमूना बस्तीमा कृषि क्षेत्रमा कसरी सहयोग गर्न सकिन्छ भनि एक प्राविधिक टोली पठाउन सकिने वताउनु भयो ।

**राष्ट्रिय पुनर्निर्माण प्राधिकारणका कार्यकारी अधिकृतसंग भेट**

गैरआवासीय नेपाली संघका अध्यक्ष शेष घलेले राष्ट्रिय पुन:निर्माण प्राधिकरणका नवनियुक्त प्रमुख कार्यकारी अधिकृत डा. गोविन्द पोखरेलसंग छलफल गर्नु भएको छ ।

अध्यक्ष घलेले डा. पोखरेललाई सीइओ पदमा नियुक्त हुनु भएकोमा बधाइ ज्ञापन गर्दै उहाँको कार्यकालमा पुन:निर्माणले तिब्र गति लिओस् भनी शुभकामना ब्यक्त गर्नुभयो ।

सहरी विकास मन्त्रालय, राष्टिय पुनर्निर्माण प्राधिकरण र गैरआवासीय नेपाली संघ वीच भएको त्रिपक्षिय सम्झौता अनुसार संघले गोरखा जिल्लाको गुप्सीपाखामा लाप्राक नमूना वस्ती परियोजना अन्तर्गत करिव ५७३ वटा भवनहरु निर्माणको काम थालनी भइसकेको उहाँले जानकारी दिनुभयो ।

गत कार्तिक १० गतेको निर्देशक समितिको निर्णय अनुसार नमूना परियोजनाको लागि लाभग्राहिको खातामा रकम जम्मा गर्नु पर्ने व्यवस्था लागू नहुने गरी वस्ती निर्माणको सम्पूर्ण जिम्मा संघलाई नै दिई लाभग्राहिहरुलाई हस्तान्तरण गर्ने स्वीकृति समेत प्राप्त भएको जानकारी गराउंदै यस कार्यको लागि पूर्ण सहयोगको अपेक्षा राखेको बताउनु भयो ।

प्रतिउत्तरमा प्रमुख कार्यकारी अधिकृतले करिव ३ हजार सिभिल इन्जिनेरीङ्गका बिद्यार्थीलाई पुनर्निर्माणमा परिचालन गर्ने आफ्नो योजना रहेको बताउँदै संघलाई आफ्नो निर्माण कार्य द्रुत गतिमा अघि बढाउन आग्रह गर्दै आवश्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।



**पर्यटन मन्त्रीसंग भेट**

संघका अध्यक्षले पर्यटन मन्त्री जीवनवहादुर शाहीसंग भेट गरी संघका गतिविधिबारे जानकारी गराउँदै संघका बिभिन्न उदेश्य मध्ये नेपालको पर्यटन बिकास र प्रवर्द्धन एक रहेको र यसका लागि संघले एक स्थायी संरचनाको स्थापना गरी बिभिन्न कार्यहरु देश बिदेशमा संचालन गर्दै आएको अवगत गराउनु भयो ।



उहाँले संघले लाप्राकमा निर्माण गर्न लागेको नमूना बस्तीलाई पनि पर्यटकीय दृष्टीकोणले अघि बढाइने तथा होम स्टेको व्यवस्था मिलाईने जानकारी गराउनु भयो ।

सो अवसरमा पर्यटन मन्त्रीले गैरआवासीय नेपाली संघ तथा नेपालीहरुले नेपालको पर्यटनमा पराउँदै आएको योगदानको कदर गर्दै गैरआवसीय नेपालीहरुको पर्यटन प्रवर्द्धन गर्ने चहनाको मुक्तकण्ठले प्रसंशा गर्नु भयो । उहाँले संघले निर्माण गर्न लागेको नमूना बस्तीमा पर्यटन प्रवर्द्धनको लागि सहयोग गर्न पर्यटन मन्त्रालय तयार रहेको वताउनु भयो ।

**नेपाल प्रज्ञा प्रतिष्ठानसाग समझौता पत्रमा हस्ताक्षर**

गैरआवासीय नेपाली संघका अध्यक्ष र नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति तथा पदाधिकारीहरु बिच संघ र प्रतिष्ठान बिच के कस्ता समन्बय र सहकार्य हुन सक्छ भन्ने बिषयमा बिचार बिमर्श हुनुका साथै एक सम्झौतापत्रमा समेत हस्ताक्षर भयो ।



सो अवसरमा उपकुलपतिले संघको सन्जालको उपयोग र परिचालन गरी नेपाली भाषा तथा साहित्यका साथसाथै प्रतिष्ठानको भौतिक पूर्वधारहरुको बिकसमा टेवा पुर्‍याइदिन अनुरोध गर्नु भयो ।

गैरआवासीय नेपाली संघ सचिवालय ।